# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

तेतरिया,मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


पत्र संख्या : २०८२/०८३
Ref.No :2082/083
चलानी नं. : 9260

मितिः २०८२/०९/११
ने. सं. ११४६

श्री गाउँ सभा सदस्यज्यूहरु,
ग्रामथान गाउँपालिका, मोरङ।

विषयः गाउँ सभाको १८ औं अधिवेशनको तेस्रो बैठक आह्वान गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा ग्रामथान गाउँपालिका, गाउँ सभाका अध्यक्ष श्री नमो नारायण माझीले कोशी प्रदेश, गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा ४ बमोजिम सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई भन्दा बढी सदस्यहरुले गाउँ सभाको बैठक बोलाउनको लागि लिखित अनुरोध गरेकोले ग्रामथान गाउँपालिकाको गाउँ सभाको १८ औं अधिवेशनको पहिलो बैठक र दोस्रो बैठक आह्वान गरिएकोमा उक्त बैठक गणपुरक संख्या नपुगेको कारणले स्थगित भएको हुँदा पुनः तपशिल बमोजिमको कार्यसूचीमा छलफल हुने गरि देहायको मिति, समय र स्थानमा गाउँ सभाको १८ औं अधिवेशनको तेस्रो बैठक आह्वान गरिएको हुँदा सभाको सदस्यज्यूहरुको उपस्थितिको लागि आदेशानुसार अनुरोध गर्दछु।

कार्यसूचीः

१. योजना तथा कार्यक्रमको संशोधन तथा थप सम्बन्धमा।
२. डोर हाजिरीका कर्मचारीहरुको निरन्तरता सम्बन्धमा।
३. ठेक्काको म्याद थप सम्बन्धमा।
४. आ. व. २०८१/०८२ को खोला ठेक्काको मुद्दा प्रकृया सम्बन्धमा।
५. योजना तथा कार्यक्रमको सम्झौता तथा भुक्तानी सम्बन्धमा।
६. कार्यपालिकाका निर्णय अनुमोदन सम्बन्धमा।
७. १५ शैया अस्पताल तथा अन्य योजनाको भेरियसन आदेश सम्बन्धमा।
८. NWASH MoU सम्झौता अनुमोदन, स्थानीय सरकारमा सेवा नक्साङ्कन, कार्यदल गठन, गणक छनौट सम्बन्धमा।
९. योजनाको बाँकी रकमबाट पुनः ठेक्का आह्वान सम्बन्धमा।
१०. बाधा अड्चन फुकाउ सम्बन्धमा।
    क. ग्रामथान गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८ सम्बन्धमा।
    ख. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्बन्धमा।
    ग. अन्य
११. IEE र डि. पि. आर. सम्बन्धमा।
१२. प्रथम नागरिक थारु समुदायको संरक्षण, सम्बर्द्धन तथा विकास सम्बन्धि विधेयक, २०८२ सम्बन्धमा।
१३. स्थानीय बाटोको मापदण्ड सम्बन्धमा।
१४. कक्षा थप अनुमति सम्बन्धमा।
१५. स्वास्थ्यकर्मीहरुको ज्येष्ठता कायम गर्ने सम्बन्धमा।
१६. खेलकुद विकास ऐन प्रमाणिकरण सम्बन्धमा।
१७. विविध सम्बन्धमा।

देहायः
मितिः २०८२/०९/१४ सोमवार
समयः दिनको १२:३० बजे
स्थानः ग्रामथान गाउँपालिकाको सभाहल।

निलेश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

नमो नारायण माझी
अध्यक्ष